# लोहारपट्टी नगरपालिकाको

# १३ औं नगरसभा बैठकमा नगर प्रमुख श्री शैलेन्द्र कुमार यादव ज्यू द्वारा प्रस्तुत नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८३/२०८४ को
## नीति तथा कार्यक्रम

**लोहारपट्टी नगरपालिका**

**महोत्तरी**

**सभाका उपाध्यक्ष तथा उप प्रमुख ज्यू तथा वडा अध्यक्ष कार्यपालिका पदाधिकारीहरु नगर सभा सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, उपस्थित कर्मचारी तथा सुरक्षा निकाय प्रमुखहरू एवम् पत्रकार बन्धुहरू, नगर शिक्षा समिति, विद्यालय प्र.अ.ज्यूहरु, स्वास्थ्यकर्मीहरु ।**

लोहारपट्टी नगरपालिका को १३औँ नगर सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत हुने यस अवसरमा उपस्थित यहाँहरु सबैमा हार्दिक स्वागत् तथा अभिवादन गर्न चाहन्छु।लोहारपट्टि नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । देशमा संघीयता लागू भए सँगै संविधान अनुरुप तीन तहका सरकार मध्ये जनताको प्रत्यक्षरुपमा सबै भन्दा नजिकको स्थानीय सरकारको रुपमा रहेका लोहारपट्टी नगरपालिका सरकार नवौ वर्ष पूरा गर्ने क्रममा आई पुगेकोछ । नेपाली जनताको लामो संघर्ष त्याग र वलिदानबाट प्राप्त संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको महत्वपूर्ण उपलब्धी स्थानीय सरकार हो ।अतः यस अवसरमा देशमा प्रजातन्त्र, संघीयता, लोकतन्त्र, स्वतन्त्रता, सामाजिक न्याय, सहितको अधिकार प्राप्ती र समुन्नत राष्ट्र निर्माणका लागि विभिन्न काल खण्डमा भएको ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, जेन्जी आन्दोलन लगायतका आन्दोलनहरुमा आफनो अमूल्य जीवन बलिदान गर्नु हुने ज्ञात अज्ञात वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

स्थानीय सरकार आफनो नगरवासीका महत्त्वपूर्ण आवश्यकता र महत्वकांक्षाहरुलाई यथोचित सम्बोधन गर्ने सकारात्मक प्रयास निरन्तत गर्दै आएको यहाँहरुको विचमा स्पष्ट नै छ। नगरको विकासका लागि प्राथमिकतामा रहेको एकीकृत नगर विकास योजना, आवधिक योजना र विगत ९ वर्षको नीति कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न योजनावद्ध रुपमा हामी सबैको प्रयास निरन्तर रहेको स्मरण गराउन चाहन्छु। हामीले निर्वाचित पदाधिकारी जनप्रतिनिधिहरूको अभिभारा रहेको स्थानीय सरकारको माध्यमबाट नगरका समग्र विकास र जनताको दैनिकी जीवनसँग प्रत्यक्ष सरोकार रहेको आर्थिक सामाजिक क्षेत्र समेतको विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई हर सम्भव पूरा गर्ने प्रयास गरिरहेकै छौ यो वास्तविक जिम्मेवारीलाई इमान्दारीतासाथ निर्वाह गर्दै नगरपालिकालाई सुन्दर र विकसित नगरपालिका बनाउने कार्य गर्न गरेको अठोट र "समृद्ध लोहारपट्टि नगरपालिका, सुखी नगरबासी"को सपना साकार पार्न लिएको दीर्घकालीन सोचलाई वास्तविक रुपमै साकार

पार्नका लागि सबै सरोकारवालाहरुलाई एक जुटताकासाथ अगाडि बढ्न अनुरोध गर्दछु।यसका लागि म स्वयम् लागी परेर कार्य गरिरहने प्रतिवद्धता व्यक्त गर्दछु।

नगरपालिकालाई विकसित नगरपालिका बनाउने अभियानमा लागिपर्ने गरि कार्यमा सकृय निर्वाह गर्दै आईरहनु भएका जनप्रतिनिधि, सरोकारवाला निकाय एवम् संघ संस्था, नागरिक समाज, कर्मचारीहरू र सम्पूर्ण नगरवासीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

हाम्रा सरोकारका सबै निकायसँगको सहकार्य र सहयोगमा नगरवासीले सुम्पिएको सम्पूर्ण जिम्मेवारीलाई इमान्दारी पूर्वक लगनसिल भई पूरा गर्ने अठोट सहितको हाम्रो हरेक पाइलाहरु निरन्तर रुपमा अघि वढिरहने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छु।

देश अव परिवर्तनको संघारमा रहेको छ। देश केही समय अगाडि राजनैतिक संकटबाट गुज्रिरहेको अवस्थामा प्रतिनिधि सभाको निर्वाचन पश्चात नँया जनादेशबाट निर्वाचित २ दुई तिहाई नजिकको राष्ट्रिय स्वतन्त्र पार्टीको एकल सरकार बनेको छ।संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात वर्षौ देखि विद्यमान रहेको आर्थिक, समाजिक, पूर्वधार विकास लगायत विभिन्न समस्या र अन्यौलतालाई निकास दिनु आजको आवश्यकता हो। देशको समग्र विकास र देशवासीको हित र कल्याणको कार्यमा सकारात्मक परिवर्तन ल्याउने गरि गठन भएको संघीय सरकार प्रति जनताको अटुट् भरोसा र विश्वास रहेको छ।नवगठित सरकारले विद्यमान यावत् समस्याहरुलाई सम्बोधन गर्दै सफल,विकसित राष्ट्र निर्माण गर्ने कार्यकमा सफलता पाओस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

नगर सभा सदस्यहरु,

लोहारपट्टी नगरपालिकाको समुन्नती र समग्र विकास एवम् नगरवासी जनताहरुको आर्थिक,सामाजिक क्षेत्रका विकासका लागि विगतका वर्षहरुमा लिएका नीति तथा कार्यक्रमहरुलाई आधार मान्दै अगामी आ.ब.को नीति तथा कार्यक्रम मार्फत वार्षिक नगर विकास योजना तर्जुमा गर्ने प्रयास गरिएको छ ।नगरको आर्थिक,सामाजिक,पूर्वाधार क्षेत्रको विकासमा पछि परेका क्षेत्र र वर्ग समुदायलाई विकासको मूल धारमा जोड्न सन्तुलित र समन्यायिक सिद्धान्त अङ्गिकार गरि सन्तुलित विकासमा वढी जोड दिएको छ । यीनै विषय बस्तुलाई मनन् गरी सुशासन कायम गर्न नगरको संयन्त्रहरुलाई गतिशिल सहभागिता र

जवाफदेही बनाउन अगामी आर्थिक वर्ष २०८३।०८४को नीति तथा कार्यक्रम तयार गरिएकोले यसले नगरको समग्र विकासमा महत्वपुर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु ।

नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वर्षिक नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा नेपालको संविधान संघीय र प्रादेशिक सरकारको नीति निर्देशन र मार्ग दर्शन, १६ औं राष्ट्रिय योजनाले परिलक्षित गरेको विषयक्षेत्र र मार्ग दर्शन,प्रदेश सरकारको आवधिक योजना, स्थानीय सरकार संचालन ऐन,२०७४, दिगो विकासका लक्ष्यहरु, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, लगायत योजना तर्जुमा संग सम्बन्धित विभिन्न समिति विषयक्षेत्रगत समिति,विभिन्न व्यतिmत्वहरु,बुद्धिजिवी, राजनैतिककर्मी लगायत सरोकारवाला विभिन्न निकाय, संघ संस्था, नगरवासीको सल्लाह सुझाव तथा नगर सभा सदस्यज्यूहरूले निरन्तर रुपमा दिने राय सुझावको अधारमा तयार गरिएको यो नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष पेश गरेको छु ।

“समृद्ध लोहारपट्टी नगरपालिका, सुखी नगर बासी ” भन्ने लोहारपट्टी नगरपालिकाको दीर्घकालिन सोचलाई रुपान्तरित गर्न कृषिमा आधुनिकरण गर्न, शिक्षा र पूर्वाधारमा लगानी बढाउँदै सुखी एवम् समृद्ध लोहारपट्टी नगरपालिकाको मार्ग तय गरी लक्ष्य हासिल गर्न प्रस्तुत् नीति तथा कार्यक्रममा प्राथमिकताहरु देहाय बमोजिम हुने छन्।

१. नगरको गौरवका बहुवर्षीय र क्रमागत योजनाहरु र नगरबासीको आवश्यकताका अन्य पूर्वाधार विकास योजनाको निर्माणमा जोड दिईनेछ।
२. नगरबासीको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, पशु पंक्षीको विकास, पर्यटनको रुपमा रहेको पर्यटकीय स्थलको विकासमा जोड दिईनेछ।
३. शिक्षा स्वास्थ्य लगायतका समावेशी विकासमा जोड दिईनेछ।
४. महिला बाल विकास तथा लक्षित वर्ग समुदाय र पिछडिएका र पछाडी पारिएका वर्ग समुदायको आर्थिक स्थिति सुधारका लागि जीवनपयोगी सिप सम्वन्धी कार्यक्रम सञ्चालनमा जोड दिनेछ।
५. सुशासन र संस्थागत विकासमा जोड दिइनेछ।

**नगर सभा सदस्य ज्यू हरु,**

अब म नगरपालिकाको क्षेत्रगतरुपमा अगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्दैछु।

**क. आर्थिक विकास तर्फ**

१. धान गहुँ तरकारी दलहन तेलहन फलफुल आदिको उत्पादकत्व बढाउन कृषकलाई अभिप्रेरित गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

२. कृषि कार्य गर्न सतही सिंचाई सुविधा नपुगेका क्षेत्रको जग्गामा सिचाई सुविधाको लागि स्यालो टुयुवेल बोरिङ्ग जडान गर्ने योजना सञ्चालन गरिनेछ।

३. कृषि आधुनिकीकरण गर्न किसानलाई प्रोत्साहित गरिनेछ।

४. किसानहरुको लागत सहभागिता हुने गरि अनुदानमा उन्नत जातको गहुँ विउ वितरण गरिनेछ।

५. पशुपन्छीमा लाग्ने रोग तथा प्रकोप रोकथामका लागि नि:शुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ।

६. पशु सेवा शाखालाई पशुपन्छी उपचार औजार सामग्री औषधी उपलब्ध गरानेछ।

७. युवा वर्गलाई कृषि क्षेत्रमा आकर्षित गराउन आवश्यक पहल गरिनेछ।

८. कृषि क्षेत्रमा भईरहेको अनियन्त्रित विषादी प्रयोगको कारणले मानव स्वास्थ्यमा पर्ने असरलाई न्यूनिकरण गर्नको लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गरिनेछ।

९. स्थानीय माछाको उत्पादन र उत्पादत्व बढाउन अध्ययन र अनुसन्धान गरिनेछ।

१०. मातृ शिशु पोषण कार्यक्रम प्रवर्द्धन गरिनेछ।

११. कृषि विद्युतिकरणमा जोड दिनेछ।

१२. नगरबासीहरुमा खाद्य सुरक्षा पोषण सम्वन्धमा सचेतनाको कार्यक्रम सञ्चालन गरिने छ।

१३. व्यवसायीकरुपमा पशुपालन गर्ने कृषकलाई तालिमको व्यवस्था गरिनेछ।

१४. महिला उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।

१५. सार्वजनिक जग्गाको संरक्षण गरिनेछ।

१६. सहकारीहरुको संस्थागत विकासका लागि आवश्यक पहल गरिनेछ।

१७. नगरपालिका भित्र भएको पर्यटकीय स्थल पूर्वाधार विकास गरिनेछ।

१८. धार्मिक तथा साँस्कृतिक महत्वका पर्यटकीय स्थलको गेरुकाधामलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा पहिचान स्थापित गर्न प्रचार प्रसार गरिनेछ।

**ख. सामाजिक विकास क्षेत्र**

१. राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस नगरपालिकाको कुल साक्षर दर ५६.१ प्रतिशत रहेकोले अगामी आ.व. भित्र पूर्ण साक्षर लोहारपट्टि नगरपालिका घोषणा गर्न संघीय

सरकारको विशेष अनुदानबाट विशेष नगरपालिका साक्षरता अभियान कार्यक्रम संचालन गरी साक्षर नगरपालिका घोषणा गरिनेछ।

२. शैक्षिक सामग्री, भवन पूर्वाधार विकास, गुणस्तरीय शिक्षाको लागि योग्य शिक्षक सहितका सुविधा सम्पन्न विद्यालय बनाउन आवश्यक पहल र कार्यक्रम संचालन गरिनेछ।

३. सबै विद्यालय उमेर समूहको बालबालिकालाई अनिवार्य विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ।

४. स्थानीय पाठयक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।

५. "बेटी पढाउ,बेटी बचाउ" कार्यक्रम अन्तर्गत छात्राहरुलाई साइकल वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. शिक्षण विधीमा सुधार र जीवनोपयोगी शिक्षा प्रवर्द्धन गरिनेछ।

७. कक्षा १२ सम्म नि:शुल्क शिक्षाको निरन्तरता दिईनेछ।

८. सामुदायिक विद्यालयको आर्थिक तथा व्यवस्थापकीय पक्षलाई चुस्त दुरुस्त र पारदर्शिता सुनिश्चित गर्न व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुको लागि तालिमको व्यवस्था गरिनेछ।

९. सबैलाई खानेपानीको उपलब्धता र सरसफाइको अवसर सुनिश्चित गरिनेछ।

१०. सबै क्षेत्रमा लैङ्गिक समान्ता सुनिश्चिता गरिनेछ।

११. महिलामाथि हुने सबै प्रकारको हिंसा,शोषण र विभेद नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१२. बालबालिका विरुद्ध हुने हिंसा यौन दुर्व्यवाहर वालश्रम, बेचविखन जस्ता अपराध विरुद्ध सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३. धार्मिक अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुको सम्पूर्ण सेवा र कार्य विद्युतीय सूचना प्रविधि अनलाइन प्रणालीबाट गर्ने व्यवस्था मिलाउने छु।

१४. बाल क्लव तथा वाल सञ्जालको गठन विस्तार तथा परिचालन सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१५. बाल बालिकाको नेतृत्व क्षमता विकासमा जोड दिइनेछ।

१६. आयुर्वेद औषधालयबाट नागरिक आरोग्य सेवालाई थप प्रभावकारी बनाइनेछ।

१७. प्राथमिक स्वास्थ्य केन्द्र लोहारपट्टीलाई स्तरोन्नती गरी १५ शैयाको आधारभुत अस्पताल भवनको सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्थापनको लागि संघीय सरकारसँग आवश्यक पहल गरिनेछ।

१८. नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्रबाट उपचारर्त विरामीहरुको लागि नेपाल सरकारद्वारा निर्धारित नि:शुल्क उपलब्ध गराउने औषधी वितरणको लागि व्यवस्था गरिनेछ।

१९. बालमैत्री स्थानीय शासनको माध्यमबाट बाल अधिकार सूचकहरु पुरा गर्न बालमैत्री पालिका घोषणा गर्न आवश्यक पहल गरिनेछ।

२०. बालविवाह न्यूनिकरण गर्न विभिन्न जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२१. जेष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई सम्मान गर्दै सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ।

२२. अपाङ्गता भएका व्यक्तिहरुको लागि आत्म निर्भर हुने खालका कार्यक्रम सञ्चालन गरिनेछ।

२३. युवाहरुलाई परिवार, समाज र राष्ट्र प्रति जिम्मेवारी बहन गर्न सक्षम नागरिक निर्माणका लागि क्रियाकलापहरु सञ्चालन गरिनेछ

२४. युवाहरु माझ बढ्दो  लागु पदार्थ दुर्व्यसन नियन्त्रणका लागि युवाहरुको सहभागितामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२५. युवाहरुको नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गरिनेछ।

२६. पालिका भित्र न्यूनतम सुविधा सम्पन्न बहुउद्देश्यीय रंगशाला निर्माण गर्न सम्बन्धितमा आवश्यक पहल गरिनेछ।

२७. योग तथा ध्यान मार्फत युवाहरुमा सकारात्मक विकासका लागि योग तथा ध्यान प्रशिक्षक तयार गर्न आवश्यक पहल गरिनेछ।

२८. नगर स्तरमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापनाको लागि आवश्यक तयारी गरिनेछ।

२९. नगरको गौरव राख्न सफल खेलाडीहरुलाई तथा स्थानीयस्तर देखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास र सम्मान तथा पोत्साहन गरिनेछ।

३०. खेलकुदमा युवाहरुको सहभागिता वृद्धी गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

३१. लोहारपट्टी नगरपालिका भित्र क्रिकेट खेलाडीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कृयाकलापहरु संचालन गरिनेछ ।

३२. सामाजिक कुरीति जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरु न्यूनिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३३. सबै खाले सामाजिक विकृतिहरुको कडाईकासाथ नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ।

## ग. पूर्वाधार विकास क्षेत्र तर्फ

१. पालिका क्षेत्र भित्र निर्माण हुने भवनहरुको डिजाइनमा एकरुपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ।

२. सरकारी तथा नीजि क्षेत्र सँग समन्वय गरि उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ।

३. स्थानीयरुपमा उपलब्ध निर्माण समाग्रीहरुको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

४. व्यवसायीक गतिविधिलाई गतिशिल बनाउन पक्की सडक निर्माण तथा स्तरवृद्धि गरिनेछ।

५. तपनपुर-महदैया चौक सम्मको सडक कालोपत्रे गर्ने कार्य संघीय सरकारको समपूरक कोष र नगरपालिकाको लागत सहभागितामा बहुवर्षिय योजना अन्तर्गत कार्यान्वयन गरिनेछ।

६. लो.न.पा-१ बगडाको पथरा खोला पूल निर्माण नेपाल सरकारको समपुरक अनुदान र नगरपालिकाको लागत सहभागितामा बहुवर्षिय योजना अन्तर्गत अगामी २ वर्ष भित्र सम्पन्न गरिनेछ।

७. निर्माण कार्य सम्पन्न हुन लागेको नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवनबाट नगर कार्यपालिकाको कार्यालय सञ्चालनको सम्पूर्ण तयारी कार्य पुरा गरिनेछ।

८. ठूलो पूर्वाधार विकास योजनाहरुको निर्माण गर्न विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिनेछ।

९. नगरपालिका क्षेत्रभित्र घर नक्सा पास गराई मात्र घर भवन निर्माण गर्न गराउन व्यवस्था गरिनेछ।

१०. नगरपालिका क्षेत्र भित्रका गाउँ बस्ती टोल अन्तर्गतका सडक गल्लीका स-साना सडकहरु पक्कीकरण गर्दा पानी निकासीको लागि नाला सहितको सडक स्तरोन्नती कार्य गरिनेछ।

११. लोहारपट्टी नगरपालिका प्रमुख बस्तीहरु जोडन र यातायात परिवाहन सहज बनाउन पालिका स्तरीय रिङ्ग रोड DPR तयार भई निर्माण कार्य सञ्चालन गर्न आवश्यक श्रोत बजेटको व्यवस्था गर्न संघीय सरकार सँग माग गर्न आवश्यक पहल गरिनेछ।

१२. पालिकाका सबै वडाहरुमा इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ।

१३. पालिकाका सम्पूर्ण क्रियाकलापहरुलाई सूचना प्रविधि मैत्री बनाई सबैका लागि सहज सर्व सुलभ सेवाको सुनिश्चिता गरिनेछ।

१४. नगर क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई भौलिक सामाजिक तथा लघु वृत्तचित्र तथा डकुमेन्ट्रिहरु निर्माण गरिनेछ।

१५. सार्वजनिक तथा नीजि सेवाहरु क्रमश: सफ्टवेयर अनलाईन मार्फत सूचना तथा सेवा प्रदान गरिनेछ।

१६. लोहारपट्टी नगरपालिकाको वडा नं.६ लगायत विभिन्न वडामा दाह संस्कार स्थलको लागि स्वर्गद्वार स्थल सुनिश्चिता गर्न आवश्यक पहल गरिनेछ।

## घ. बातावरण तथा विपद व्यवस्थापन तर्फ

१. जलवायु परिवर्तन वातावरण संरक्षण तथा विपद व्यवस्थापनको लागि व्यापक रुपमा जनचेतना मुलक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ।

२. विपद व्यवस्थापन र विपदमा परेकाहरुलाई तात्काल उद्धार राहत सहयोगको कार्यक्रम संचालन गरिनेछ। वातावरणीय सन्तुलन लाई दिगो बनाउन नगर क्षेत्र भित्र प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ।

३. फोहरमैला व्यवस्थापन र सडक नालाको सरसफाईको आवश्यकिय प्रबन्ध गरिने छ।

४. विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिने छ।

५. नगरपालिका क्षेत्र भित्रका सबै वडाहरु गाउँ, बस्ती, टोलबाट निस्किने फोहरमैलालाई व्यवस्थित गर्न फोहरमैला व्यवस्थापनको गुरु योजना बनाइने छ।

६. सार्वजनिक स्थानहरुमा आवश्यकता अनुसार फोहर संकलन गर्न भाडोँको व्यवस्था गरिने छ।

७. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनको लागि जनचेतना संचालन गरिनेछ।

८. विपद जोखिम पुर्व तयारी र जोखिम न्युनिकरणमा स्थानीय क्षमता अभिबृद्धि गरिनेछ।

९. प्रदुषण मुक्त र स्वच्छ वातावरण कायम गर्न जलवायु, माटो र हवापानी लगायत सबै प्रकारका प्रदुषण रोकथाम नियन्त्रण तथा व्यवस्थापन गरिने छ।

## ङ. संस्थागत विकास

१. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्य विधिको तर्जुमा गर्ने छ।

२. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सु-व्यवस्थित गरिने छ।

३. सार्वजनिक सेवा प्रवाहलाई गुनस्तरीय समावेशी एवम् सहज बनाउन विद्यूतीय शासन प्रणालीको अवलम्बन गरिने छ।

४. भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता अपनाइने छ।

५. सेवा प्रवाहलाई जनमैत्री र सेवा मुलक बनाउन वडा पत्र राख्ने तथा भइरहेकाहरुलाई अद्यावधिक गरिनेछ।

६. सार्वजनिक उत्तरदायी संयन्त्रहरु: सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन आदि प्रभावकारी बनाइने छ।

७. कर्मचारीहरुको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजासँग जोड्दै गुणस्तरीय सेवा प्रवाहको प्रवाहका लागि सेवा ग्राहीको संतुष्टीलाई समेत आवद्ध गरिने छ।

८. नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता अनुसार अभिमुखिकरण तालिम क्षमता विकास तालिम संचालन गरिने छ।

९. विकास योजनाहरु निर्माण कार्यको खरिद प्रकृया समय भित्र गर्न व्यवस्था मिलाउन पहल गरिने छ।

१०. बेरुजु लाई नियन्त्रण गर्न आन्तरिक लेखा परिक्षण लाई प्रभावकारी व्यवस्था गर्ने छ।

११. पालिकाका सबै जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरुलाई सादा जीवन,सहयोगी व्यवहार सहित सेवा प्रवाह गर्न प्रेरित गर्ने छ।

१२. विकास योजनाहरुको खर्च निर्माण स्थलमा सार्वजनिक गर्न र नियमित सार्वजनिक सुनवाईको व्यवस्था गरिने छ।

१३. पालिका भित्र शान्ति सु-व्यवस्था र अमन चैन कायम गर्न बजार क्षेत्र।विद्यालय। स्वास्थ्य संस्था, सरकारी कार्यालय तथा सार्वजनिक स्थलहरु सि.सि.टि.भि.सहितको एकिकृत सुरक्षा प्रणाली व्यवस्था गर्न आवश्यक पहल गरिने छ।

१४. आवश्यकता अनुरुप नगर प्रहरीको नियुक्ती गर्न आवश्यक व्यवस्था गरिने छ।

१५. शत प्रतिशत जन्म दर्ता भएको नगरपालिका घोषण गर्न आवश्यक पहल गरिने छ।

१६. नगरपालिका भित्र संचालन हुने पुर्वाधार विकास योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन प्रभावकारी बनाइने छ।

१७. न्यायिक समितिको कार्यसम्पादनलाई व्यवस्थित बनाउन संस्थागत विकास गरिने छ।

१८. न्यायिक समितिमा सहजिकरणका लागि व्यवस्थापन सूचना प्रणालि सहित दक्ष कर्मचारीको व्यवस्थापन प्रत्येक वडामा मेलमिला केन्द्र गठन, मेलमिलाप कर्ता तयार गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ।

१९. जनता बाट संकलित करको सम्मान गर्दै सार्वजनिक खर्चलाई उत्पादन मुलुक र उपलब्धी मुलक बनाउदै सार्वजनिक खर्चमा मितव्ययिता र आन्तरिक नियन्त्रण प्रणालिको अवलम्वन गरिने छ।

२०. राष्ट्रिय तथा अन्तरक्रिया विकास पद्धतीको अनुभव अदान प्रदान तथा सहकार्य प्रवर्धन गर्न देश तथा विदेशका शहरहरुसँग भगिनी सम्बन्ध कायम गर्न आवश्यक पहल गरिने छ।

नगर सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभा समक्ष प्रस्तुत गरिएको यस नीति कार्यक्रमको आधारमा स्थानीय सरकारको रुपमा रहेका लोहापरट्टी नगरपालिकाको अगामी आर्थिक वर्ष २०८३।०८४ को वजेट योजना तथा कार्यक्रम तर्जुमा भएको छ ।यस सभामा वजेट तथा कार्यक्रम पेश भए पश्चात विस्तृत अध्ययन र छलफलको निश्कर्ष र पारित भई लागु हुन कार्यान्वयन गरिनेछ । यसको प्रमावकारी एव् नतिजामूखी कार्यान्वयनवाट नगरको समग्र समुन्नती सढृद सामाजिक न्याय र सुशासनको प्रत्याभूती हुनको साथै केहि हदसम्म आर्थिक वृद्धि हासिल हुने ,गरिबी न्यूनीकरण हुने, रोजगारी सृजना हुने र समग्र मानव सुचकाङ्कमा सुधार आउने विश्वास गरेको छु ।

अन्त्यमा यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा आफनो अमूल्य सुझाव र रचानात्मक सल्लाह सुझाव प्रदान गर्नु हुने सम्पूर्ण नगर सभा सदस्यहरु, नगर स्तरीय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, कर्मचारीहरु, सरोकारवालाहरु लगायत सम्पूर्ण नगरवासीहरु प्रति म हार्दिक धन्यवाद व्यक्त गर्दै कृतज्ञता ज्ञापन गर्दछु।